नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२६२ दायर मितिः-२०८१/१०/२२**

**फैसला मितिः-२०८१/११/१५**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **रामनरेश प्रसाद कुशवाहाको जाहेरीले नेपाल सरकार........................१** | **जिल्ला तनहुँ ब्यास नगरपालिका वडा नं.४ बस्ने संजय भट्टराईको छोरा बर्ष २० को अस्टिन क्षेत्री भन्ने असिम भट्टराई.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै झगडा समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै झगडा समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै झगडा समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै झगडा समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिशेसर प्रसाद साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१०।१४ गते रक्सौलममा बाईक बनाउनको लागि बीरगंज करिव ४ बजे तिर आई पुगेको थिए । त्यसपछी म रक्सौल गई आफ्नो बाईक बनाई बीरगंज फर्कीए त्यसपछी बसपार्कस्थित नाम थाह नभएको होटलमा कोठा खोजि बस्न गए र राति करिब १० बजे रक्सि खान होटल बाहिर आई एउटा पसलमा रक्सि खाए त्यसपछी मलाई होस भएन । मलाई होस आउद मैले आफुलाई प्रहरी हिरासतमा पाए । म रक्सीको नसाको सुरमा रहेको हुँदा कस्को घरमा परेको हो कसलाई गालि गलौज तथा हातपात गरेको हो मलाई यादै भएन भनि प्रतिवादीले ईन्कारी बयान गरेतापनि, मिति २०८१।१०।१४ गते राती विहान अं.०१ः३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२३ स्थित मेरो घरमा कोही प्रवेश गरेको जस्तो लागी उठी हेर्दा ४/५ जना अपरिचित व्यक्तिहरु घरभित्र पसेको देखी हो-हल्ला गर्दा ४ जना भाग्न सफल भएको र प्रतिवादी अस्टिन क्षेत्री भन्ने असिम भट्टराईलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा निजले नशालु पदार्थ समेत सेवन गरेकोले उल्टै आवेशमा आई मलाई बिभिन्न अपशव्द प्रयोग गरी गाली गलौज गर्दै झगडा गर्न खोजी अभद्र व्यवहार गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले

गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ । यसरी नशालु पदार्थ सेवन गरेका प्रतिवादीलाई सोधपुछ गर्दा जाहेरवालालाई गाली गलौज गर्दै झगडा गर्न खोजी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अस्टिन क्षेत्री भन्ने असिम भट्टराईलाई कैद दिन ९ र जरिवाना रु.७०००/- अक्षरेपी सात हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अस्टिन क्षेत्री भन्ने असिम भट्टराईलाई ठहरेको कैद दिन ९ को हकमा निज मिति २०८१/१०/१४ देखि २०८१/१०/२२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२१७/२०८१/१०/२३ बाट दाखिला गरेको धरौटी रकम रु.७०००/- बाट जरिवाना रकम रु.७०००/- कट्टी गर्नु--------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु--------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........